मिति: २०८३।०४।२३, ने.सं.११४६

जिल्ला प्रशासन कार्यालय, रसुवा
दर्ता नं. ९६६
मिति: २०८३।०४।२३

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, रसुवा।

विषयः बजार अनुगमन गरी प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा संयुक्त जिल्ला बजार अनुगमन समितिका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा स्थानीय प्रशासन, उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, सुरक्षा निकाय, उद्योग वाणिज्य संघ, रसुवा र रसुवा च्याम्वर्स अफ कमर्सका प्रतिनिधिहरु सहितको संयुक्त टोलीबाट गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) च.नं. २१४ मिति २०८३।०४।२३ को पत्रबाट **ग्यास उद्योग तथा डिलरहरुको ग्यास बिक्री अवस्थाको विषयमा आकस्मिक छड्के जाँचका लागि प्राप्त निर्देशन अनुसार** मिति २०८३।०४।२३ गते गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ स्थित दैनिक उपभोग्य तथा खुद्रा किराना व्यवसायी लक्षित दैनिक उपभोग्य वस्तु बिक्रीस्थल/गोदामहरूको स्थलगत रुपमा अनुगमन/निरीक्षण गरी सो को प्रतिवेदन देहाय बमोजिम रहेको व्यहोरा सादर अनुरोध गर्दछौं।

१.पृष्ठभूमिः

किराना पसलहरू स्थानीय उपभोक्तालाई दैनिक उपभोग्य सामग्री उपलब्ध गराउने प्रमुख खुद्रा व्यवसायहरू हुन्। यस्तो पसलमार्फत उपभोक्ताले खाद्यान्न, प्याक गरिएको सामग्री, घरेलु प्रयोगका वस्तुहरू तथा अन्य आवश्यक सामानहरू निरन्तर रूपमा प्राप्त गर्छन्। उपभोक्ताको स्वास्थ्य, सुरक्षा र आर्थिक हित सुनिश्चित गर्न किराना पसलमा उपलब्ध गराइने सामग्रीको गुणस्तर, मूल्य, तौल मापन, म्याद (Expiry), भण्डारण अवस्था तथा सरसफाई अवस्थाको नियमित अनुगमन गर्नु आवश्यक हुन्छ।

हालका वर्षहरूमा नक्कली, म्याद गुज्रिएका, पुनः लेबल गरिएका वा अत्याधिक मूल्य बढाई उपभोग्य सामग्रीहरूको बिक्री गर्ने जोखिम बढ्दै गएकोले किराना पसलहरूमा बजार निरीक्षण तथा अनुगमनको आवश्यकता अझ बढ्दो छ। स्थानीय तह, उद्योग तथा वाणिज्य कार्यालय लगायतका उपभोक्ता संरक्षण निकायहरूले यस्ता गतिविधि रोकथाम, नियमन गरी उपभोक्तामा सचेतना अभिवृद्धि गर्न अनुगमन कार्य सञ्चालन गर्दै आइरहेका छन्।

यस सन्दर्भमा गरिएको किराना पसल अनुगमनको यस प्रतिवेदनले निरीक्षणका क्रममा भेटिएका अवस्थाहरू, पालना भएका वा नभएका कानूनी/प्राविधिक मापदण्डहरू, जोखिमका तत्वहरू तथा आवश्यक सुधारात्मक सुझावहरू समेटेको छ। यसले भविष्यमा हुने नीति निर्माण, नियमित अनुगमन, उपभोक्ता अधिकारको सुनिश्चितता गरी उपभोक्ता सुरक्षाका कार्यक्रमहरूलाई मार्गदर्शन गर्ने गर्दछ।

२. अनुगमन विधिः

व्यवसाय/पसल वा स्टोरमा रहेको विभिन्न खाद्यबस्तुहरू तथा अन्य मालसामानहरू प्रत्यक्ष रुपमा अनुगमन गरी म्याद गुर्जेको वा गुणस्तरको सामान्य चेकजाँच गर्ने गरिएको। अवलम्बन गर्नु पर्ने कानूनी प्रक्रियाहरु आत्मसाथ गरेर व्यवसाय सञ्चालन गरे/नगरेको, दर्ता/नवीकरण, बिल/बीजक, कर चुक्ता, अन्तशुल्क अनुमति लगायतका कानून बमोजिमका गतिविधि गरे/नगरेको एवम् सरसफाई लगायतका अन्य व्यवस्थापकीय पाटोका सन्दर्भमा समेत अनुगमन गरिएको।

३.समस्याः

- म्याद गुज्रिएका खाद्य सामग्रीको बिक्री,
- लेबल, तौल तथा मूल्य व्यवस्थापनमा त्रुटि,
- सरसफाई तथा भण्डारण व्यवस्थापन कमजोर,
- अनधिकृत वा नवीकरण नभएको व्यापार दर्ता/ईजाजत,
- उपभोक्ता हित तथा अधिकारसम्बन्धी जानकारीको अभाव,
- उच्च मूल्य निर्धारण र मूल्यसूची नराख्ने समस्या,
- अन्तःशुल्क ईजाजत नलिई सुर्तिजन्य, मदिराजन्य सामाग्री बिक्री वितरण गर्ने,
- निमयित कर तिर्ने परिपाटी बस्न नसकेको,
- खाद्य र अखाद्य वस्तुको संयुक्त भण्डारण,
- व्यावसायीमा व्यावसायिक चेतको अभाव।

<u>अनुगमनका सहभागीहरूः</u>

| क्र.स. | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| १. | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| २. | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, रसुवा |
| ३. | श्री सुदिप खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| ४. | श्री सरद भण्डारी | आ.ले.प.अधिकृत | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| ५. | श्री सुजता श्रेष्ठ | ना.सु. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ६. | श्री डिल्लीराज सापकोटा | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| ७. | श्री राजेश थापा | स.प्र.नि. | सशस्त्र प्रहरी बल नेपाल नं २० गुल्म हे.क्वा., रसुवा |
| ८. | श्री सञ्जिव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्स |

| | | | |
|---|---|---|---|
| ९. | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य संघ, रसुवा |
| १०. | श्री अशोक कुमार चौधरी | क.अ. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| ११. | श्री विनोद थापा क्षेत्री | प्र.स.ह. | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| १२. | श्री सुबास श्रेष्ठ | प्र.स.ह. | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| १३. | श्री आषुतोष प्रसाद यादव | प्र.ज. | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| १४. | श्री राम बहादुर लम्बरी | प्र.ज. | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| १५ | श्री निर्मल श्रेष्ठ | स.प्र.ज. | सशस्त्र प्रहरी बल नेपाल नं २० गुल्म हे.क्वा., रसुवा |

## व्यवसायहरुमा अनुगमनको क्रममा भएको निर्देशन तथा अन्य विवरण

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (ग्यास मौज्दातको अवस्था र कारबाही) |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| होटल तथा थर्पु व्यवसायहरुः | | | | | | |
| १. | लक्ष्मीराम सप्लायर्स | - | - | - | - ग्यासको व्यवस्थापन सन्तोषजनक रहेकोले निरन्तरता दिने। | खाली ग्यास सिलिण्डर संख्या ३५ |
| २. | टासी देले किराना पसल | ६१७७९०६८२ | निमा पेमा तामाङ | • मूल्यसूचि नराखेको,<br>• कारोबारको बिल बीजक जारी नभएको। | • मूल्यसूचि राख्ने,<br>• कारोबारको बिल बीजक अनिवार्य राख्ने। | ८ वटा खाली ग्यास सिलिण्डर र १ स्टक गरी जम्मा ९ ग्यास सिलिण्डर। |
| ३. | ब्लोन किराना पसल | ८२५५६५११० | मिङमार तामाङ | • भण्डार व्यवस्थापन उचित नदेखिएको,<br>• सरसफाई सन्तोषजनक नरहेको। | • भण्डार व्यवस्थापन व्यवस्थित बनाउने,<br>• सरसफाईमा विशेष ध्यान दिने। | १३ ग्यास सिलिण्डर खाली र २ स्टक गरी जम्मा १५ ग्यास सिलिण्डर। |
| ४. | गोसाईकुण्ड किराना पसल | ३०३५२३९६३ | नानीमैया घले | • मूल्यसूची नराखेको। | • मुल्यसूची अनिवार्य राख्ने। | १९ थान खाली सिलिण्डर। |
| ५. | श्रेष्ठ सप्लायर्स | ३०२४४४०३ | सुन्दरलाल श्रेष्ठ | - | • व्यवस्थापन सन्तोषजनक देखिएकाले निरन्तरता दिने। | ५० थान खाली सिलिण्डर र २५ थान स्टक ग्यास सिलिण्डर।<br>म्याद गुज्रिएको Kwiks Family pack-१४ प्याकेट जफत गरिएको। |
| ६. | रसुवा किराना पसल | ६००३५९३३७ | डुप दोर्जे तामाङ | • सरसफाई सन्तोषजनक नरहेको। | • सरसफाईमा विशेष ध्यान दिने। | ५० थान खाली सिलिण्डर। |

| क्र.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (ग्यास मौज्दातको अवस्था र कारबाही) |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| ७. | लाङटाङ किराना स्टोर | ८२५२४७२२१ | राम बहादुर तामाङ | - | • व्यवस्थापन सन्तोषजनक देखिएकाले निरन्तरता दिने। | ७ थान खाली सिलिण्डर। |
| ८. | काजी लंगोर किराना पसल | ६०२३१९८९४ | काजी लंगोर | • मूल्यसूचि नराखेको,<br>• खाद्य र अखाद्य वस्तुको छुट्टै भणडारण नभएको,<br>• सरसफाई सन्तोषजनक नदेखिएको। | • मूल्यसुचि अनिवार्य राख्ने,<br>• खाद्य र अखाद्य वस्तुको छुट्टा छुट्टै भण्डारण गर्ने,<br>• सरसफाईमा विशेष ध्यान दिने। | ७५ थान खाली सिलिण्डर। |
| ९. | न्यू एन्जिना सप्लायर्स | ६०५५९७२३१ | शान्ता अधिकारी | - | • व्यवस्थापन सन्तोषजनक देखिएकाले निरन्तरता दिने। | ६ थान खाली ग्यास सिलिण्डर र ७ थान स्टक गरी जम्मा १३ थान ग्यास सिलिण्डर। |
| १०. | एम.एन.एस. स्टोर्स | १०३९७८९८५ | सन्तोष तामाङ | • Expiry zone नभएको। | • Expiry zone को व्यवस्थापन गर्ने। | |
| ११. | सनी मासु पसल | ६०१२२८८७२ | अर्जुन तामाङ | • मूल्यसुची नराखेको,<br>• बिल बीजक जारी नगरेको। | • मूल्यसुचि अनिवार्य राख्ने,<br>• कारोबारको बिल बीजक अनिवार्य रुपमा जारी गर्ने। | |
| १२. | वाईवा तरकारी एण्ड खुद्रा पसल | ६००३९१३९३ | पेमा तेन्जेन तमाङ | • व्यवसाय समयमै नवीकरण नभएको,<br>• मूल्यसूची नभएको,<br>• कारोबार बमोजिमको बीजक जारी नभएको,<br>• Expiry zone को व्यवस्था नभएको, | • व्यवसाय समयमै नवीकरण गर्ने,<br>• मूल्यसूची राख्ने,<br>• प्रत्येक कारोबारको अनिवार्य रुपमा बीजक जारी गर्ने,<br>• सरसफाईमा उचित ध्यान दिने,<br>• Expiry zone को व्यवस्था गर्ने, | म्याद गुज्रेका Fair & lovely-२३ पिस, रातो खुर्सानी पाउडर-१२ पिस, कुरकुरे-५ पिस, पानीपुरी-११ प्याकेट, कोदोको कुकिज-१ पिस, करेला अचार-७ वट्टा, डेरि मिल्क-१ वटा जफत गरिएको। |

| क.सं. | पसलको विवरण | | | अनुगमनको क्रममा देखिएको कमजोरी | भएको निर्देशन | कैफियत (ग्यास मौज्दातको अवस्था र कारबाही) |
|---|---|---|---|---|---|---|
| | पसल | स्थायी लेखा नं. | प्रोपाईटरको नाम | | | |
| | | | | • अन्त शुल्क ईजाजत पत्र नलिई मदिराजन्य तथा सूर्तिजन्य वस्तुको बिक्री वितरण गरेको,<br>• फोहोरमैलाको उचित व्यवस्थापन नभएको। | • अन्त शुल्क ईजाजत पत्र लिएर मात्र मदिराजन्य तथा सूर्तिजन्य वस्तुको बिक्री वितरण गर्ने। | |
| १३. | प्रतिमा किराना पसल | ६००३५९८६१ | प्रतिमा शाहि | • खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखिएको,<br>• म्याद गुज्रेको सामाग्री बिक्री वितरण गरेको। | • खाद्य र अखाद्य वस्तु छुट्टा छुट्टै राख्ने,<br>• म्याद गुज्रेको सामाग्री बिक्री वितरण नगर्ने,<br>• भण्डारण कक्षको व्यवस्थापन गर्ने। | १८ थान स्टक सिलिण्डर म्याद गुज्रेको Mix Fruit Real Juice जम्बो-१० वटा, दालमोट-२ प्याकेट, अजिना मोटो-३ प्याकेट। |

<u>जिल्ला बजार अनुगमन समितिबाट भएको अनुगमन र जिल्ला प्रहरी कार्यालय, रसुवा मातहतका सुरक्षा युनिटहरुबाट संकलित ग्यास सिलिण्डर मौज्दात विवरणः</u>

क. जिल्ला प्रहरी कार्यालय, धुन्चे क्षेत्र- १३ पसलहरुमा जम्मा २१३ थान खाली र ५३ थान स्टक ग्यास सिलिण्डर
ख. प्रहरी चौकी ग्राङ क्षेत्र - ६ वटा पसलहरुमा जम्मा १०१ थान खाली सिलिण्डर
ग. प्रहरी चौकी डाँडागाउँ क्षेत्र- ७ वटा पसलहरुमा जम्मा १०१ थान खाली सिलिण्डर
घ. ईलाका प्रहरी कार्यालय, कालिकास्थान क्षेत्र- १३ वटा पसलहरुमा जम्मा ४६५ थान खाली सिलिण्डर
ङ. ईलाका प्रहरी कार्यालय, टिमुरे क्षेत्र- ४ वटा पसलहरुमा ३३० थान खाली सिलिण्डर
च. प्रहरी चौकी, पारच्याङ क्षेत्र- ४ वटा पसलहरुमा २३ थान खाली सिलिण्डर
छ. प्रहरी चौकी, बेत्रावती क्षेत्र- २ वटा पसलहरुमा १३५ थान खाली सिलिण्डर
ज. प्रहरी चौकी, थम्बुचेत क्षेत्र- १ वटा पसलमा ५३ खाली र ७ वटा स्टक ग्यास सिलिण्डर

निष्कर्ष:

दैनिक उपभोग्यजन्य खाद्य सामग्री तथा मालसामानहरूको अनुगमनको सिलसिलामा खाद्य तथा किराना पसलहरुले खाद्य तथा अखाद्य वस्तुहरुको छुट्टा छुट्टै व्यवस्थापन गरी दैनिक खाद्य वस्तुहरुको बिक्री विवरण गर्दा नागरिकहरुको स्वस्थ तथा स्वच्छ खाद्य वस्तुमाथिको पहुँच सुनिश्चित गर्न मद्दत गर्दछ। साथै सरकारले विभिन्न समयमा जारी गरेका निर्देशन तथा विद्यमान कानून परिपालनाले उपभोक्ताहरूको उच्चतम हित प्रवर्द्धन गर्न व्यवसायिहरुलाई जिम्मेवार बनाएको छ। कानून तथा मापदण्ड विपरित सञ्चालन गर्ने कार्य निरूत्साहित हुने अपेक्षा गरिएको छ। अनुगमन गर्दा प्रचलित कानून, अवलम्बन गर्नु पर्ने कार्यविधि र उपभोक्ता हकहित संरक्षण सम्बन्धमा व्यावसायी तथा उपभोक्ताहरू जानकार नहुँदा प्रभावकारी सेवा वितरणमा समस्या सिर्जना भएको देखिन्छ। यसका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट अन्तशुल्क इजाजत पत्र सम्बन्धी, उद्योग तथा वाणिज्य कार्यालयबाट उद्योग/व्यवसाय दर्ता/नवीकरण सम्बन्धी, स्थानीय तहबाट फोहोर व्यवस्थापन तथा उपभोक्ता हकहित सम्बन्धी जानकारी एवम् सन्देशमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

प्रतिवेदक:

श्री द्रुव प्रसाद अधिकारी, स.प्र.जि.अ.

श्री सुजता श्रेष्ठ, ना.सु.

श्री अशोक कुमार चौधरी, क.अ.

# अनुगमनका केहि तस्वीरहरू:


















# म्याद गुज्रिएका खाद्य बस्तुहरु नष्ट गरिएको मुचुल्का

लिखितम् जिल्ला प्रशासन कार्यालयको नेतृत्व र सम्बन्धित सरोकारवालाहरुको समन्वय र सहभागितामा मिति २०८३/०४/२३ गते रसुवा जिल्ला गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ अन्तर्गत खुद्रा पसल एवम् अन्य व्यवसायहरुको अनुगमनको क्रममा बरामद गरिएका म्याद गुज्रिएका तथा अनुमति नपाएका निम्नानुसारका बस्तुहरू तपसिल बमोजिमका व्यक्तिहरुको रोहवरमा सामान जलाई नष्ट गरिएको व्यहोरा ठीक साँचो हो भनी यस मुचुल्कामा सही छाप गरी दियौं।

| क.सं. | खाद्य बस्तुको विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | Kwiks family pack | packet | 14(१४) | |
| २. | Fair & lovely | पिस | २२ | |
| ३. | रातो खुर्सानी पाउडर | पिस | १२ | |
| ४. | कुरकुरे | प्याकेट | ५ | |
| ५. | पानीपुरी | प्याकेट | ११ | |
| ६. | कोक्कोको कुकिज | पिस | १ | |
| ७. | करेला अचार | बट्टा | ६ | |
| ८. | डेरि मिल्क | वटा | १ | |
| ९. | Mix fruit real juice (अम्बा) | वटा | १० | |
| १०. | दालमोठ | प्याकेट | २ | |
| ११. | अजिता पोटो | प्याकेट | ३ | |
| १२. | | | | |
| १३. | | | | |
| १४. | | | | |
| १५. | | | | |
| १६. | | | | |
| १७. | | | | |
| १८. | | | | |

रोहवरः

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय | कैफियत |
|---|---|---|---|---|
| [signature] | श्री द्रुव प्रसाद अधिकारी | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| [signature] | श्री सुदिप खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय | |
| [signature] | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग वाणिज्य, पर्यटन तथा यातायात कार्यालय | |
| [signature] | श्री शरद भण्डारी | अ.ले.प. अधिकृत | कोष तथा लेखा नियन्त्रक कार्यालय | |

| | | | | |
|---|---|---|---|---|
| [signature] | श्री डिल्लिराज खापुङ्गी | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय | |
| [signature] | श्री राजेश थापा | प्र.नि. | सशस्त्र प्रहरी बल नेपाल नं. २० गुल्म है. क्वा. | |
| [signature] | श्री सुकमाया तामाङ | अध्यक्ष | उद्योग तथा वाणिज्य संघ, रसुवा | |
| [signature] | श्री संजिव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्स | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्णयः

१. गोसाईकुण्ड गा.पा. वडा नं. ०६ धुन्चे बजार स्थित विभिन्न खुद्रा किराना पसल र अन्य व्यवसायहरूको अनुगमनको क्रममा जफत गरिएका म्याद गुज्रिएका सामाग्रीहरू नियमानुसार नष्ट गरियो।

[signatures]

०८३/०४/२३

ईति सम्वत् २०८३ साल ०४ महिना २३ गते रोज ७ शुभम्...............................................।

सम्वत् २०८३ साल श्रावण २३ गते जिल्ला प्रशासन कार्यालयमा प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७५ को दफा ७ बमोजिम जिल्ला बजार अनुगमन समितिका संयोजक एवम् सहायक प्रमुख जिल्ला अधिकारी श्री द्रुव प्रसाद अधिकारीको संयोजकत्व देहायको सरोकारवालाहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

विषेश उपस्थितिः

| हस्ताक्षर | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री नरेन्द्र परियार | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |

उपस्थितिः

| हस्ताक्षर | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री द्रुव प्रसाद अधिकारी | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री सुदिप ~~पौडेल~~ खनाल | कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| | श्री रमेश पौडेल | कार्यालय प्रमुख | उद्योग तथा वाणिज्य कार्यालय, रसुवा |
| | श्री सरद भण्डारी | आ.ले.प.अधिकृत | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| | श्री डिल्लिराज सापकोटा | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| | श्री राजेश थापा | स.प्र.नि. | सशस्त्र प्रहरी बल नेपाल नं. २० गुल्म हे.क्वा, रसुवा |
| | श्री सुकबहा. तामाङ | अध्यक्ष | उद्योग वाणिज्य संघ, रसुवा |
| | श्री संजिव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्स |
| | श्री सुजता श्रेष्ठ | ना.सु. | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | अशोककुमार चौधरी | क.अ. | जिल्ला प्रशासन का. रसुवा |
| | विनोद थापा क्षेत्री | प्र.स.ह. | जिल्ला प्रहरी कार्यालय |

| हस्ताक्षर | नाम,थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | सुवास श्रेष्ठ | प्र.स.ई. | जि.प्र.का रसुवा |
| | आशुतोष बि.न. यादव | ना.प्र | जि.व.का रसुवा |
| | रामक लम्बरी | प्र.प्र. | जि. प्र.का. रसुवा |
| | निर्मल श्रेष्ठ | स.प्र.ज | नं.२० गुल्म, रसुवा |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णयहरु:

१. गोसाईकुण्ड गाउँपालिका वडा नं.- ६ स्थित विभिन्न खुद्रा पसल एवम् अन्य व्यवसायहरुको उपभोक्ता संरक्षण ऐन, २०७५, वागमति प्रदेश, प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन एवम् अनुगमन निर्देशिका, २०८०, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको च.नं. ३८७ मिति २०८२/०५/१८ को पत्र र गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. २१४ मिति २०८३।०४।२३ को आकस्मिक छड्के जाँच गर्ने निर्देशानुसार अनुगमन समितिले उपभोक्ता हितका संलग्न सूचक तालिका बमोजिमका सूचकमा अनुगमन/नियमन गरी आवश्यक निर्देशन तथा कारवाही गर्ने निर्णय गरियो।